वागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, मकवानपुर

प.सं.: २०७८/०७९
च.नं.: ८४०

वागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

मिति : २०७८।११।२९

विषय : राय सुझाव सम्वन्धमा ।

सम्वन्धित सवै

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालयले तयार गरेको वागमती प्रदेशको विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति २०७८ को मस्यौदा यसै साथ संलग्न छ । प्रस्तुत नीतिको अध्ययन गरी कुनै राय सुझाव भए १५ दिन भित्र युवा वैज्ञानिक प्रोत्साहन कोषको इमेल ठेगाना youth.scientist2020@gmail.com मा उपलब्ध गराइदिनुहुन सादर अनुरोध छ ।

गोपालप्रसाद कँडेल
अधिकृत स्तर दशौं
सामाजिक विकास मन्त्रालय

Scanned with CamScanner

# बागमती प्रदेश विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन नीति,२०७८

## (मस्यौदा)

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश, हेटौंडा, मकवानपुर

२०७८

विषयसूची

खण्ड १ परिचय

१.१ पृष्ठभूमि ............ १

१.२ हालसम्मको प्रयास र उपलब्धिहरू ............ २

१.३ समस्या, चुनौती र अवसरहरू ............ ३

१.४ नीतिको आवश्यकता ............ ५

खण्ड २ बागमती प्रदेश विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन नीति

२.१ दीर्घकालीन सोच ............ ६

२.२ लक्ष्य ............ ६

२.३ उद्देश्य ............ ६

२.४ प्राथमिकता क्षेत्रहरू ............ ७

२.५नीति, रणनीति तथा कार्यनीतिहरू ............ ८

खण्ड ३ नीति तथा संस्थागत व्यवस्था

३.१ विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन क्षेत्रको निर्देशक नीति ............ २१

३.२ प्रदेश विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साईन्स क्याविनेट) ............ २१

३.३ विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तन सञ्चालक समिति ............ २२

३.४ आर्थिक व्यवस्था ............ २४

३.४.१ विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कोष ............ २४

३.४.२ विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कार्यक्रम ............ २४

३.५ कानुनी व्यवस्था ............ २४

३.६ अन्य नीतिहरूसँगको सम्बन्ध ............ २४

३.७ नीति कार्यान्वयनको जिम्मेवारी ............ २५

३.८ नीति परिमार्जन तथा सुधार ............ २५

## खण्ड १ परिचय

### १.१. पृष्ठभूमि

विज्ञान भनेको प्रकृतिको नियम पत्ता लगाई सत्य उजागर गर्ने प्रकृया हो। मानव सभ्यताको उषाकालदेखि नै विज्ञानले प्रकृतिका असंख्य नियम र अद्भुत संरचनाहरूको अन्वेषण/अनुसन्धान गरी मानव ज्ञानको दायरालाई फराकिलो बनाउँदै आएको छ। यही वैज्ञानिक ज्ञान र चेतनाबाट निसृत प्रविधिहरुको विकास एवं नवप्रवर्तनमार्फत् मानव जीवन क्रमशः समृद्ध र गुणस्तरीय हुँदै अघि बढिरहेको छ। यसकारण, विज्ञान तथा प्रविधिलाई सामाजिक रुपान्तरणको आधार र आर्थिक विकासको शक्ति मानिन्छ। कृषि युगको शुरुवातसँगै मानव जातीले खेतीका लागि आवश्यक उपयुक्त मौसम, वीउ र बालीका प्रजाती, औजार, पोषण आदिका बारेमा क्रमवद्ध रूपमा अध्ययन गरी प्रविधिहरुको समेत विकास गर्दै आएका छन् जसका कारण उत्पादन र उत्पादकत्वमा बृद्धि भई मानव जीवनलाई भोकमरी, अभाव र रोग व्याधिबाट बचाउँदै दीर्घ एवं सुबिधायुक्त जीवनयापन गर्ने हैसियतमा पुग्न सफल भएको छ। यसर्थ, मानवको गुणस्तरीय र सुरक्षित एवं सुशासित जीवन कायम गर्न विज्ञान प्रविधि र नवप्रवर्तनले अग्रणी भूमिका लिँदै आएको छ। विश्वका कुनैपनि मुलुकको सामाजिक रुपान्तरण र आर्थिक समृद्धिको प्रमुख कारक तत्व त्यस देशले अपनाएको विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी नीति, वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकास र नवप्रवर्तनमा गरिएको लगानी अनि त्यसको सबल कार्यान्वयन पक्ष रहिआएको छ।

देशको ऐतिहासिक राजनैतिक परिवर्तनसँगै हाम्रो संविधानले सामाजिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी समतामूलक समाजको निर्माणको संकल्प गर्दै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध समृद्ध राष्ट्र निर्माण गर्ने प्रस्तावना गरेको छ। संविधानको भाग ३ ले प्रदान गरेका मौलिक हक र कर्तव्यहरू, भाग ४ ले निर्देशित गरेका राज्यको निर्देशक सिद्धान्तहरूको लक्ष्य प्राप्तिका साथै देशको द्रुत एवं दिगो आर्थिक विकास गरी नागरिकको जीवन सुखी बनाई समाजवाद उन्मुख राष्ट्र निर्माण गर्न गुणस्तरीय वैज्ञानिक शिक्षा, समस्या समाधानमा आधारित अनुसन्धान, उत्पादन र उत्पादकत्व वृद्धि, नागरिकको जीवन सहजीकरण गर्न नवप्रवर्तन, प्रविधिको विकास, अनुसन्धान गर्ने वातावरण, वैज्ञानिक र नवप्रवर्तनकर्ताहरुमा क्षमता विकास, रचनात्मक मौलिक ज्ञान र सीप उजागर गर्ने अवसर, नव-उद्यम र उद्यमशीलताको विकास आदिमा सुनिश्चितता हुनु पर्दछ।

नेपालको संविधानका विभिन्न धाराले विज्ञान तथा प्रविधि मार्फत देशलाई समृद्ध र समुन्नत राज्य बनाउन निर्दिष्ट गरेको छ। धारा ५१ ले राष्ट्रिय सुरक्षा प्रणाली, मानवीय सुरक्षा, राष्ट्रसेवकहरूमा रहेको ज्ञान सीप र अनुभवलाई राष्ट्र हितमा समुचित प्रयोग गर्ने, राष्ट्रिय सम्पदाको संरक्षण संवर्धन, अध्ययन, अनुसन्धान गर्ने, स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्धन र परिचालन गर्ने, उल्लेख गर्नका साथै सोही धाराको

उपधारा (च) को (४) ले वैज्ञानिक अध्ययन, अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने (५) मा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने, उपधारा (छ) को (३) मा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, (४) मा जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन, (५) मा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने, (७) मा नकारात्मक वातावरण प्रभाव निर्मूल गर्न उपयुक्त उपायहरूको अवलम्बन गर्ने, (९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचनाको व्यवस्था गर्ने, नीति लिएको छ । नेपालको संविधानको धारा ५१ को (ज) (१) ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, (९) मा स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिने, नेपाललाई समृद्ध तथा समुन्नत बनाउन राज्यको दायित्व भित्र पर्ने व्यवस्था गरेको छ । यिनै संवैधानिक परिपाटी र मर्मलाई आत्मसात गर्दै नेपाल सरकारले राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ तर्जुमा गरेको छ ।

वैज्ञानिक शिक्षा, अध्ययन, अनुसन्धान, नवप्रवर्तन एवं प्रविधिको विकासमा लगानी अभिवृद्धि गरी देशको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै नागरिकको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउने उद्देश्य सहित राष्ट्रको दिगो विकासको लक्ष्य प्राप्ति गर्न राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीतिसँग तादत्म्य राखी नेपालको संविधानको अनुसूची ७ (२२) मा वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधनको विकास गर्न संघ र प्रदेशको दुबैको जिम्मेवारी रहेकाले संविधानको मर्म अनुरूप राष्ट्रिय लक्ष्य हासिल गर्न बागमती प्रदेश सरकारले प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने हेतु प्रदेश सुहाउँदो समय सापेक्ष यो विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन नीति २०७८ तर्जुमा गरेको छ ।

### **१.२. हालसम्मको प्रयास र उपलब्धिहरू**

नेपालमा आधुनिक विज्ञान तथा प्रविधि विकासको सुरुवात विश्वका विकसित देशहरूमा जस्तो धेरै लामो नभएपनि देशका लागि विज्ञान विषयका जनशक्तिको आवश्यकता महशुस गरी सन् १९१८ देखि त्रि-चन्द्र कलेजमा विज्ञान विषयमा प्रवीणता प्रमाणपत्र तहको कक्षाबाट शुरु भई सन् १९६५ मा केही विज्ञान विषयका स्नातकोतर तहका कक्षाहरू त्रिभुवन विश्वविद्यालयबाट शुरु भयो । शैक्षिक कार्यक्रमको शुरूवात पछि विज्ञान तथा प्रविधिमा अनुसन्धान कार्यको अपरिहार्यता र महत्व बुझी सन् १९७७ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा सबैभन्दा पहिलो "व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकाष्ट)" स्थापना भयो । त्यसपछि सन् १९८२ मा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठन (नाष्ट)", सन् १९९१ मा कृषि अनुसन्धान परिषद् (नार्क) हुँदै हाल आएर सरकारी तथा निजी गरी दर्जनौंको संख्यामा विज्ञान तथा

प्रविधि विषयका शैक्षिक तथा अनुसन्धान केन्द्रहरु स्थापना भई क्रियाशील रहँदै आएका छन्। विज्ञान तथा प्रविधिको महत्वलाई अंगिकार गर्दै वि.सं. २०५३ सालमा विज्ञान तथा प्रविधि मन्त्रालय स्थापना भई २०६१ सालमा मन्त्रालयले राष्ट्रिय विज्ञान तथा प्रविधि नीति जारी गरी विज्ञान तथा प्रविधिको विकासलाई नीतिगत रूपमा अगाडि बढाउने कार्य शुरू भयो।

नेपालको संविधान २०७२ बमोजिम देशको शासन प्रणाली संघीय संरचनामा रूपान्तरण भएपश्चात् विज्ञान प्रविधिको जिम्मेवारी संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र बागमती प्रदेशमा सामाजिक विकास मन्त्रालय अन्तर्गत दुबैको जिम्मेवारी रहने गरी रहेको छ। बागमती प्रदेश विज्ञान तथा प्रविधिको शिक्षा, अनुसन्धान पूर्वाधार र जनशक्ति उपलब्धताको हिसाबमा अग्रणी स्थानमा रहेको छ। देशमै पहिलो पटक बागमती प्रदेश सामाजिक विकास मन्त्रालयले प्रदेशका युवाहरूलाई विज्ञान तथा प्रविधिमा आकर्षित गरी हौसला बढाउन युवा वैज्ञानिक प्रोत्साहन कोष स्थापना गरी कार्यान्वयनमा ल्याई सकेको छ। विज्ञान तथा प्रविधिको माध्यमबाट प्रदेशमा वन, कृषि, ऊर्जा र स्वास्थ्यजस्ता क्षेत्रका सामुदायिक वन, संरक्षण क्षेत्र, बीउविजन, बेमौसमी तरकारी, कुखुरा, मत्स्यपालन, आँखा उपचार तथा मानव अंग प्रत्यारोपण जस्ता क्षेत्रमा उत्साहप्रद सफलता हासिल भएको छ। संघीय सरकारले विज्ञान प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत र संस्थागत प्रयासहरू गरिआए पनि संविधानले प्रत्याभूत गरेको नागरिकको हक, र राज्यको सम्बद्ध नेपाल सुखी नेपालीको नारालाई सुनिश्चित गर्दै बागमती प्रदेशको सामाजिक र आर्थिक विकासमा ठोस उपलब्धि हासिल हुने गरी छुट्टै प्रादेशिक विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तन नीतिको आवश्यकता छ।

## १.३ समस्या, चुनौती र अवसरहरू

बागमती प्रदेशको विज्ञान तथा प्रविधि र नवप्रवर्तनको क्षेत्रमा देहायबमोजिम समस्या, चुनौती र अवसरहरू रहेका छन्:

**समस्याहरू :**

लामो समयदेखि विज्ञान तथा प्रविधि र नवप्रवर्तन राज्यको प्राथमिकतामा नपर्नु, स्पष्ट नीति तथा कानुनको अभाव, अनुसन्धान, प्रविधि विकासका लागि वैज्ञानिक प्रयोगशाला र पूर्वाधारको अभाव, विज्ञानका अनुसन्धान र नवप्रवर्तनमा गरिने न्यून लगानी, देशको शिक्षा र उत्पादनलाई विज्ञान तथा प्रविधिसँग नजोडिनु, विज्ञान र प्रविधिको विकासमा निजीक्षेत्रको सहभागिता नदेखिनु, विश्वमा भइरहेका उदीयमान वैज्ञानिक अध्ययन अनुसन्धानमा संस्थागत पहुँच नहुनु, अनुसन्धानमा विनियोजित सीमित मात्राको बजेट छरिएर रहनु र त्यस्तो श्रोतबाट गुणस्तरीय र परिणाममुखी अनुसन्धान नहुनु, एकीकृत रूपमा अनुसन्धानको अभिलेखीकरण नुहुँदा अनुसन्धानमा दोहोरोपन हुनु, अनुसन्धानमा प्राथमिकीकरणको अभाव हुनु,

अनुसन्धानका लागि आवश्यक विशिष्टिकृत प्रयोगशाला र जनशक्ति अभाव हुनु, मुलुक भित्र अवसरको अभावमा देशका युवा वैज्ञानिक जनशक्ति विकसित देशतर्फ बसाई-सराईंका लागि आकर्षित हुनु, लगायतका समस्याहरू मूल रूपमा रहेका छन् ।

**चुनौतीहरू :**

विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र नवप्रवर्तनमुखी शिक्षा मार्फत दक्ष, उद्यमशील जनशक्तिको विकास गरी नयाँ प्रविधिको विकास र त्यसको प्रयोगबाट उत्पादन, उत्पादकत्वमा वृद्धि गरी समृद्ध प्रदेश र सुखी नागरिकको समाज निर्माण गर्नु प्रदेश सरकारको उद्देश्य रहेपनि सो प्राप्ति गर्न चुनौती रहेको छ । विज्ञान तथा प्रविधिको अनुसन्धानमा दीर्घकालीन सोचलाई प्रदेशको प्राथमिकतामा राख्नु, युवा वैज्ञानिक जनशक्तिलाई प्रदेशको समृद्धिमा परिचालन गर्नु, अनुसन्धानका संस्थागत संयन्त्र र अन्तर-निकायहरू बीच समन्वय कायम गर्नु, वैज्ञानिक अनुसन्धान विज्ञान प्रविधिको विकास तथा नवप्रवर्तनका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्नु, वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनमा लगानी बढाउनु, शिक्षा प्रणालीलाई नवप्रवर्तन र अनुसन्धानमुखी बनाउनु, भैरहेका अनुसन्धान केन्द्र तथा प्रयोगशालाहरूको सवलीकरण सुधार र पुन: संरचना गर्नु, विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनमा अनुसन्धान संस्था र औद्योगिक प्रतिष्ठानहरू बीच सहकार्यको वातावरण बनाउनु, नवप्रवर्तन र प्रविधिको विकासलाई उद्यमशिलता र उत्पादनसँग प्रत्यक्ष जोड्नु, प्रतिभाशाली स्वदेशी एवं पलायन भएका वैज्ञानिक र प्राविधिकहरूलाई प्रदेश भित्रै यथेष्ठ अवसर दिई आकर्षित गर्नु, जस्ता विषयहरू प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

**अवसरहरू :**

विश्वमै उदीयमान विज्ञान प्रविधि र ज्ञानमा आधारित उद्यम र उद्यमशीलता बढ्दै जानु, नविनतम अनुसन्धान र विकसित प्रविधि प्रति जनसमुदायको माग र अनुसरण बढ्नु, देशमा विज्ञान तथा प्रविधि मार्फत समृद्धि हासिल गर्ने खालका नीति तथा कार्ययोजनाले महत्व पाउदै जानु, बागमती प्रदेश भित्र रहेका केन्द्रीय र प्रादेशिक विश्वविद्यालयहरू, विज्ञान तथा प्रविधिका अनुसन्धान प्रतिष्ठान र प्रयोगशालाहरू, आवश्यक वैज्ञानिक तथा प्राविधिक जनशक्तिको उपलब्धता, संघीय शिक्षा र विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, बागमती प्रदेश युवा वैज्ञानिक प्रोत्साहन कोष, प्रादेशिक शिक्षा नीति, बागमती प्रदेशको भौगोलिक र जैविक विविधता, परम्परागत ज्ञान र सीपको भण्डार, आदि विज्ञान तथा प्रविधि र नवप्रवर्तनबाट बागमती प्रदेशको समृद्धि हासिल गर्ने प्रमुख आधार र अवसरहरू हुन् ।

## १.४ नीतिको आवश्यकता

देशमा आमूल राजनैतिक परिवर्तन भई नेपालको संविधान २०७२ संघीय राज्य प्रणाली अनुसार संघीय र प्रादेशिक सरकार स्थापना भइसकेको छ। नेपालको संविधानको अनुसूची ७ (२२) अनुरूप वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधनको विकास गर्न संघ र प्रदेशको दुबैको अधिकार र कर्तव्य रहेकाले संविधानको मर्म अनुरूप देहायका कारणले बागमती प्रदेशको विज्ञान प्रविधि तथा नवप्रवर्तन नीतिको आवश्यकता देखिएको छ :–

क. संविधानले प्रदत्त गरेको स्वच्छ वातावरणको हक, शिक्षाको हक, स्वास्थ्यको हक, खाद्य सम्बन्धी हक आदि जस्ता नागरिकका मौलिक हकहरूको कार्यान्वयन र उपलब्धि हासिल गर्न वैज्ञानिक अनुसन्धान प्रविधिको विकास र नवप्रवर्तनको महत्वपूर्ण योगदान रहने हुँदा विज्ञान तथा प्रविधिको समुचित प्रयोग गरी प्रदेशको आर्थिक समृद्धि र सुखी नागरिकको जीवन र सामाजिक रूपान्तरण गर्न,

ख. प्रादेशिक विश्वविद्यालय, विज्ञान र प्रविधिका अनुसन्धानमूलक निकायहरू, नवीनतम प्रविधि विकास, विस्तार र उपयोग गर्न प्रदेशभित्रका सबै विज्ञान प्रविधि तथा नवप्रवर्तन गर्ने निकायहरुवीच समन्वय र सहकार्य गरी अनुसन्धान र नवप्रवर्तन गर्ने कार्यलाई एउटै छातामुनि आबद्ध गरी प्रदेशमा अनुसन्धान र नवप्रवर्तनका लागि लगानी वृद्धि गर्न एकीकृत कोषको स्थापना गर्न,

ग. देश भित्रका तथा विदेशबाट फर्किएका वैज्ञानिक तथा प्राविधिकहरूलाई नवीन सोचमा आधारित अनुसन्धान र नवप्रवर्तन गर्नका लागि प्रादेशिक विज्ञान प्रविधि र नवप्रवर्तन केन्द्र स्थापना गर्न,

घ. प्रदेशको समृद्धिका लागि तय गरिएका नीति तथा योजनाहरूको प्रभावकारी उपलब्धि हासिल गर्न चाहिने वैज्ञानिक तथा प्राबिधिक जनशक्ति र प्रविधिको विकास गरी प्रदेशको सामाजिक आर्थिक विकासमा सहयोग पुर्‍याउन,

ङ. प्रदेशको विकासका लक्ष्यहरू हासिल गर्न वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट विकास गरिएका प्रविधिहरू ब्यवस्थापन, हस्तान्तरण गरी नवीनतम उद्यम र उद्यमशिलताको विकास गर्न,

च. विज्ञान प्रविधि तथा नवप्रवर्तनको माध्यमबाट प्रदेशको जैविक विविधताको संरक्षण, प्राकृतिक श्रोतको दिगो उपयोग, परम्परागत ज्ञान, सीप र प्रविधिको स्तरोन्नती गर्दै समृद्धि हासिल गर्न,

## खण्ड २ बागमती प्रदेश विज्ञान तथा प्रविधि र नवप्रवर्तन नीति

### २.१ दीर्घकालीन सोच

**प्रदेशको सामाजिक तथा आर्थिक विकास र नागरिकको गुणस्तरीय जीवनः विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन ।**

### २.२ लक्ष्य

**विज्ञान प्रविधिको अनुसन्धान र नवप्रवर्तनको उपयोगबाट वैज्ञानिक संस्कारको बिकास, मौलिक उद्यम र उद्यमशिलताको प्रवर्द्धन, उत्पादन र उत्पादकत्व वृद्धि गरी प्रदेशको आर्थिक समृद्धि र नागरिकको गुणस्तरीय जीवन प्राप्तिमा योगदान गर्ने ।**

### २.३ उद्देश्यहरू

विज्ञान प्रविधिमा अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, वन, वातावरण, पर्यटन, जलस्रोत, ऊर्जा, पूर्वाधार विकास, विपद् व्यवस्थापन, जलवायु परिवर्तन, उद्योग, खाद्य, सूचना प्रविधि र नागरिकको सुरक्षा आदि क्षेत्रमा गुणस्तरीय र परिणाममुखी नतिजा हासिल गरी आर्थिक समृद्धि र नागरिकको गुणस्तरीय जीवन बनाउने यस नीतिको मुल उद्देश्य हुनेछ । यस नीतिका उद्देश्यहरू देहाय बमोजिम छन्:

क. उदीयमान विज्ञान तथा प्रविधिको क्षेत्रमा नवप्रवर्तनात्मक अनुसन्धान, वैज्ञानिक जनशक्ति विकास, क्षमता अभिबृद्धि, नयाँ ज्ञान-सीप र प्रविधिमा आधारित मौलिक उद्यम र उद्यमशिलताको प्रबर्द्धन, उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी आर्थिक र सामाजिक समृद्धि हासिल गर्नु ।

ख. जैविक विविधता संरक्षण, संवर्धन, प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोग र परिचालन, प्राकृतिक विपद् न्यूनीकरणका उपायहरूको खोजी, पर्यावरणीय सन्तुलन कायम गर्न वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट मौलिक सोच, विधि र प्रविधिहरूको विकास गर्नु ।

ग. विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनमा लगानी अभिवृद्धि, पूर्वाधार विकास, समपूरक अनुसन्धान प्रणालीको स्थापना गरी कार्यात्मक र परिणाममुखी नतिजा हासिल गर्न सम्बन्धित मन्त्रालयहरुवीच आपसी समन्वय र सहकार्यको लागि उच्चस्तरीय संयन्त्रको निर्माण एवं कानुनी आधार तयार गर्नु ।

घ. परम्परागत ज्ञान, सीप र प्रविधिमा खोज, मौलिक प्रविधियुक्त उद्यमशिलताको प्रबर्द्धन, जनशक्ति विकास, व्यवहारिक र समस्या समाधानमा आधारित अनुसन्धान र नवप्रवर्तनमुखी एवं वैज्ञानिक संस्कार अभिबृद्धि गर्न STEM (विज्ञान, प्रविधि, ईन्जिनियरिङ्ग र गणित) शिक्षा प्रणाली लागू गर्नु ।

## २.४. प्राथमिकता क्षेत्रहरू

वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट विकसित विश्वका नविनतम् र अत्याधुनिक (Cutting Edge) प्रविधिहरू आर्टिफिसियल इन्टेलिजेन्स, सूचना प्रविधि, ईन्जिनियरिङ्ग, नानो प्रविधि, जैविक प्रविधि, जेनेटिक ईन्जिनियरिङ्ग, जैविक र पदार्थ रूपान्तरण, अन्तरिक्ष र परमाणु विज्ञानको समेत अधिकतम उपयोग गरी समृद्ध प्रदेश र सुखी नागरिकको जीवन भन्ने लक्ष्यका साथ देहाय बमोजिमका प्राथमिकता क्षेत्र निर्धारण गरिएको छ :

क) विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तन मार्फत प्रदेशको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि,

ख) कृषिको व्यवसायीकरण र आधुनिकीकरण, पर्वतीय जैविक अर्थतन्त्रको विकास र भूमिको सहि उपयोग,

ग) मानव जीवनपयोगी र भौतिक पूर्वाधार विकाससँग सम्बन्धित आवश्यक सामग्रीको लागि नवीन पदार्थ (New Material) को अनुसन्धान तथा विकास,

घ) जैविक तथा बहुमूल्य खनिज स्रोतको दिगो उपयोगका लागि प्रविधि विकास,

ङ) वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनिकरणमा टेवा पुऱ्याउने प्रविधिको विकास,

च) विद्युतीय सु-शासन र सेवा प्रवाह, सूचना तथा संचार, नागरिक सूचना प्रणालीको सुरक्षामा प्रविधि विकास

छ) सामाजिक विकासः बृद्ध, बालबालिका, अशक्त र विविध अपाङगता भएका नागरिकहरूको गुणस्तरीय जीवन यापनका लागि पेशागत प्रविधिको विकास ।

## २.५ नीति, रणनीति तथा कार्यनीतिहरू

यस नीतिको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्न देहायका नीति, रणनीति तथा कार्यनीतिहरु लिइएको छ:

**क. उदीयमान विज्ञान तथा प्रविधिको क्षेत्रमा नवप्रवर्तनात्मक अनुसन्धान, वैज्ञानिक जनशक्ति विकास, क्षमता अभिबृद्धि, नयाँ ज्ञान-सीप र प्रविधिमा आधारित मौलिक उद्यम र उद्यमशिलताको प्रबर्द्धन, उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी आर्थिक र सामाजिक समृद्धि हासिल गर्ने उद्देश्य संग सम्बन्धित।**

### नीति २.५.क

**विज्ञान प्रविधिका उदीयमान क्षेत्रहरुमा अनुसन्धान र नवप्रवर्तन मार्फत नवीनतम ज्ञान, सीप र प्रविधि हासिल गरी प्रदेशको आर्थिक र सामाजिक समृद्धिमा टेवा पुऱ्याइनेछ। (२.३ क)**

#### रणनीतिहरू

अ. उदीयमान विज्ञान तथा प्रविधिका क्षेत्रमा अनुसन्धान, नवप्रवर्तन, दक्ष जनशक्ति विकास र परिचालनको लागि आवश्यक पूर्वाधारको निर्माण र लगानी अभिवृद्धि गर्ने।

आ. विज्ञान प्रविधिका उदीयमान क्षेत्रहरूमा गरिने अनुसन्धान अन्वेषण र नवप्रवर्तन द्वारा उपलब्ध ज्ञान र प्रविधिलाई उद्यम र उद्यमशीलतामा विकास गरी प्रदेशको आर्थिक र सामाजिक समृद्धिमा योगदान पुऱ्याउने।

#### कार्यनीतिहरू

क. बैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका लागि प्रदेश भित्र उपयुक्त स्थानमा अत्याधुनिक प्रयोगशाला सहितको प्रादेशिक विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन केन्द्र स्थापना गरिनेछ। (अ)

ख. विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन केन्द्रबाट विषय विधागत् अनुसन्धान, नवप्रवर्तन, नवीनतम सोच र प्रविधि विकास, परीक्षण, प्रमाणीकरण तथा क्यालिब्रेसन आदि कार्यहरू गरिनेछन्। (अ)

ग. प्रविधिको पछिल्लो क्रान्तिमा सहभागी हुँदै प्रदेशको भौगोलिक विशिष्टताका आधारमा अन्य स्थानहरूमा अनुसन्धानशाला र नवप्रवर्तन केन्द्रहरूको विस्तार गर्दै लगिनेछ। (अ)

घ. उदीयमान तथा आधुनिक प्रविधिको प्रयोग अभिवृद्धि गरी प्राकृतिक स्रोतमाथिको निर्भरता न्यूनीकरण गर्दै लगिनेछ। (अ)

ङ. अन्तर्राष्ट्रिय अनुसन्धान तथा नवप्रवर्तन प्रतिष्ठान एवं विश्वविद्यालयहरूसँग सम्बन्ध विस्तार गरी प्रादेशिक विज्ञान तथा प्रविधि र नवप्रवर्तन केन्द्रको पहुँच र क्षमता अभिवृद्धि गरिनेछ। (अ)

च. जैविक प्रविधि, जेनेटिक इन्जिनियरिङ्ग, सूचना प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स, रोबोटिक्स, जस्ता उदीयमान र नविनतम् प्रविधिहरूको विकास तथा उपयोग गरी उद्योग, व्यवसाय, सेवा र अन्य क्षेत्रहरूको तीव्र विकासमा सघाउ पुऱ्याईनेछ। (आ)

छ. सर्ने तथा नसर्ने विभिन्न रोगहरूको पहिचान र निदानका लागि जेनेटिक इन्जिनियरिङ्ग, स्टेम सेल प्रविधि, जीन थेरापी, जीन एडिटिङ्ग, ईम्युनो प्रविधि जस्ता स्वास्थ्य विज्ञानमा उदीयमान प्रविधि र जनशक्तिको विकास गरी नविनत चिकित्सा पद्धतिको थालनी गरिनेछ। (आ)

ज. जैविक पदार्थ रुपान्तरण तथा ईन्जिनियरिङ्ग (Bio material conversion and Engineering), केमिकल ईन्जिनियरिङ्ग, मोलिकुलर वायोलोजी, जेनेटिक ईन्जिनियरिङ्ग, जीन एडिटिङ्ग, जस्ता उदीयमान विज्ञान तथा प्रविधिको विकास र उपयोगबाट नयाँ उद्योग र उद्यमशीलताको विकास गरिनेछ। (आ)

झ. नवीकरणीय ऊर्जा, जैविक ऊर्जा, यातायात, पर्यटन जस्ता क्षेत्रहरूमा उदीयमान विज्ञान तथा प्रविधिको उपयोग गर्न अध्ययन अनुसन्धान र नवप्रवर्तनकारी कार्यलाई प्राथमिकता दिइनेछ। (आ)

ञ. मानवीय हितको लागि आवश्यक रसायनिक, भौतिक तथा जैविक पदार्थको वैज्ञानिक अध्ययन अनुसन्धान गरी प्रविधिको विकास गरिनेछ। (आ)

ट. बृद्ध, बालबालिका, अशक्त र विविध अपाङगता भएका नागरिकहरूको जीवन सहज र गुणस्तरीय बनाउन तथा उनीहरूबाट राष्ट्र विकासमा योगदान पुऱ्याउने उपयुक्त प्रविधिको विकास गरिनेछ। (आ)

**नीति २.५.ख**

**विज्ञान तथा प्रविधिमा अनुसन्धान र नवप्रवर्तनबाट प्रदेशका युवा वैज्ञानिकहरूमा सीप र क्षमताको विकास गर्दै ज्ञानमा आधारित मौलिक तथा नवीन उद्यम र उद्यमशीलताको विकास गर्ने । (२.३ क)**

**रणनीतिहरू**

अ.  वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तन मार्फत् युवाहरूमा वैज्ञानिक संस्कार, क्षमता र सीप विकास गर्ने ।

आ. युवा वैज्ञानिकहरूलाई विज्ञान, प्रविधि र नवप्रवर्तनमा उपयुक्त वातावरण सृजना गरी प्रोत्साहित गर्न प्रयोगशाला तथा आईडिया ईनकुवेसन सेन्टरहरूको स्थापना गर्नुका साथै सरकारी-प्राज्ञिक-औद्योगिक निकायहरुवीच सहकार्यमा समस्या-समाधानमा आधारित अनुसन्धानमा जोड दिने ।

**कार्यनीतिहरू**

क.  वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका अवसरहरू सृजना गरी युवाहरूमा नयाँ सोच, वैज्ञानिक संस्कार, मौलिक प्रविधिको विकास गर्न प्रोत्साहित गरिनेछ । (अ)

ख.  प्रतिभावान् नवीनतम सोच भएका युवा वैज्ञानिकहरूलाई रणनीतिक अनुसन्धान, उद्यमशीलता र व्यावसायिकता विकासका लागि रचनात्मक सोच, प्राविधिक सीप र क्षमता विकास गर्न प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ । (अ)

ग.  प्रदेशिक विज्ञान तथा प्रविधि र नवप्रवर्तन केन्द्र लाई सुदृढ गर्दै विधागत रूपमा विभिन्न विषयका विज्ञान तथा प्रविधि सन्दर्भ प्रयोगशाला (Reference Laboratory) को रुपमा विकास गरिनेछ । (आ)

घ.  अनुसन्धान र नवप्रवर्तन केन्द्र तथा आईडिया ईनकुवेसन सेन्टरहरूलाई भौगोलिक र विषयगत विधाका आधारमा आवश्यकता अनुसार पुनर्संरचना गर्दै लगिनेछ । (आ)

ङ.  विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कार्यलाई ठोस समस्या-समाधानमा आधारित तपाई यो आफै गर्नुहोस (Do it Yourself, DIY) जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ । (आ)

च.  विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तनमा योगदान पुऱ्याउन सरकारी, निजी तथा वैदेशिक क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ । (आ)

**नीति २.५.ग**

**कृषि, चिकित्सा, वन, वातावरण, पर्यटन, उद्योग, सूचना तथा प्रविधि, पूर्वाधार विकास लगायतका क्षेत्रमा विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनको प्रयोग गर्दै प्रदेशको समृद्धि हासिल गर्ने । (२.३ क)**

**रणनीतिहरू**

अ. कृषि, चिकित्सा, वन, वातावरण, पर्यटन, उद्योग, सूचना-प्रविधि लगायतका क्षेत्रहरूमा विज्ञान तथा प्रविधि मार्फत परिणाममुखी नतिजा हासिल गर्न अनुसन्धान र नवप्रवर्तनका कार्यक्रमहरू लागू गर्ने।

आ. पूर्वाधार विकास र निर्माणका क्षेत्रमा वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट नयाँ प्रविधि र पदार्थहरूको विकास गर्ने।

**कार्यनीतिहरू**

क. विज्ञान तथा प्रविधि अनुसन्धान मार्फत कृषि, वन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ। (अ)

ख. कृत्रिम बौद्धिकता, सूचना-प्रविधि, नानो प्रविधि, जैविक प्रविधिको प्रयोग गरी नवीनतम उद्यम तथा उद्यमशिलताको विकास गरिनेछ। (अ)

ग. सडक, विद्युत, पुल, भवन निर्माण लगायतका भौतिक पूर्वाधार विकासमा आधुनिक प्रविधिहरूको प्रयोग गरी पूर्वाधार निर्माणलाई छिटो, सस्तो, सहज र गुणस्तरीय बनाइनेछ। (आ)

घ. वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट जैविक, रसायनिक तथा भौतिक क्षेत्रमा मानव उपयोगी नवीन पदार्थहरूको विकास गरी औद्योगीकरण गर्न प्रोत्साहित गरिनेछ। (आ)

ङ. चिकित्सा तथा वातावरणको क्षेत्रमा नविनतम् प्रविधिको विकास गरी नागरिकको गुणस्तरीय जीवन प्राप्तिको लक्ष्य हासिल गर्न प्रोत्साहन गरिनेछ। (आ)

**ख. जैविक विविधता संरक्षण, संवर्धन, प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोग र परिचालन, प्राकृतिक विपद् न्यूनीकरणका उपायहरूको खोजी, पर्यावरणीय सन्तुलन कायम गर्ने वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट मौलिक सोच, विधि र प्रविधिहरूको विकास गर्ने उद्देश्यसँग सम्बन्धित। (२.३ ख)**

**नीति २.५.घ**

**जैविक विविधता, प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र दिगो उपयोग गरी प्रदेशमा जैविक अर्थतन्त्रको विकास गर्ने विज्ञान प्रविधि र नवप्रवर्तनको माध्यमबाट उदीयमान तथा उपयुक्त प्रविधिहरुको विकास गर्ने। (२.३.ख)**

**रणनीतिहरू**

अ. वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट प्राप्त विकसित प्रविधिहरूको उपयोग गरी प्रदेशको उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान गर्ने । (७.४)

आ. प्रदेशको ग्रामीण जैविक अर्थतन्त्र उकास्न भौगोलिक र जैविक विविधताका आधारमा प्राथमिकता क्षेत्रहरूको पहिचान गरी वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनका कार्यक्रमहरू संचालन गर्ने । (७.४)

**कार्यनीतिहरू**

क. प्रदेशमा उपलब्ध श्रोत साधन र जनशक्तिलाई अधिकतम परिचालन गरि प्रविधि, ज्ञान र सीपमा आधारित उद्यमशिलता विकास गरिनेछ । (अ)

ख. ज्ञान, सीप र दक्षताबाट विकसित सफल मौलिक प्रविधिहरूको संरक्षण गरी नव-प्रतिभाहरूबाट प्राप्त उपलब्धिलाई व्यवसायीकरण गर्न प्रोत्साहित गरिनेछ । (अ)

ग. वन, वन्यजन्तु, पन्छी, वनस्पति तथा जैविक विविधताको संरक्षण सम्बर्धन र दिगो विकासका लागि अनुसन्धान, नवप्रवर्तन र उदीयमान प्रविधिको प्रयोग गरिनेछ । (आ)

घ. जैविक विविधतालाई जीवित जीन बैक स्रोतको रूपमा विकास गर्दै उच्च मूल्यका जडीबुटी र वनस्पतिलाई ब्यवसायिक रूपमा गुणस्तरीय उत्पादन गर्न अनुसन्धान र नवप्रवर्तन मार्फत् उपयुक्त प्रविधि विकास गरिनेछ । (आ)

ङ. कृषि, वन-जंगलमा खेर गइरहेको जैविक पदार्थहरूको उपयोग गरी नवीन उद्यमहरूको विकास गरिनेछ । (आ)

**नीति २.५.ङ**

**पारिस्थितिकीय प्रणालीको सन्तुलन, भू-क्षय, सुक्खा, बाढी पहिरो, आगजनी लगायतका विपद् नियन्त्रणमा वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनबाट उपलब्ध उपयुक्त प्रविधिहरुको प्रयोग गर्ने । (२.३ ख)**

**रणनीतिहरू**

अ. भू-क्षय, सुख्खा, बाढी पहिरो, आगजनी र तापमान वृद्धिमा नियन्त्रण, कमजोर भूगोल र प्राकृतिक श्रोतमाथि मानवीय चापको न्यूनीकरण, जैविक विविधता संरक्षण, प्राकृतिक आनुवंशिक श्रोतको संरक्षण, प्राकृतिक स्रोतहरूमा मानव निर्भरता न्यूनीकरण गर्न वैज्ञानिक अनुसन्धान र प्रविधिको विकास तथा उपयोग गर्ने ।

आ. सूचना प्रविधि र कृत्रिम बौद्धिकताको विकासबाट आपतकालीन सुरक्षा, विपद् पुर्वानुमान, कृषि तालिका र सूचना प्रणालीको विकास गरी सार्वजनिक पहुँचको सुनिश्चितता गर्ने।

**कार्यनीति**

क. वायु, जल र जमिन प्रदूषण न्यूनीकरण, सन्तुलित पारिस्थितिक प्रणाली कायम राख्न हरित र चुस्त प्रविधि (Green and Smart Technology) को विकास गरिनेछ। (अ)

ख. जैविक विविधता र प्राकृतिक आनुवंशिक श्रोतको संरक्षण गर्न जीन बैंकको स्थापना गरिनेछ। (अ)

ग. जैविक विविधतामाथि हुने मानवीय दोहन न्यूनीकरण गर्न जैविक प्रविधि लगायत अन्य उदीयमान प्रविधिहरूको प्रयोग गरिनेछ। (अ)

घ. प्राकृतिक विपद्बाट हुने मानव जोखिम व्यवस्थापन र क्षति न्यूनीकरण गर्न कृत्रिम बौद्धिकता, विपद् पुर्वानुमान र सूचना-संचार प्रविधि लगायतका उपयुक्त प्रविधिहरूको विकास गरिनेछ। (आ)

ङ. बार्षिक कृषि तालिका, मौसम पूर्वानुमान र अन्य विकसित प्रविधिहरूको सूचना प्रणालीको विकास गरी कृषिमा उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ। (आ)

**नीति २.५.च**

**विज्ञान प्रविधि र नवप्रवर्तनको अधिकतम उपयोग गरी जनस्वास्थ्य, खाद्य, स्वच्छ वातावरण, आवास जस्ता संविधान प्रदत्त मौलिक हकहरूमा सबै वर्गको पहुँच सुनिश्चित गर्ने। (२.३.ख)**

**रणनीतिहरू**

अ. खाद्य, जनस्वास्थ्य, सुरक्षा, स्वच्छ वातावरण, शुद्ध खानेपानी, सुलभ र सुरक्षित आवास, आदि संविधान प्रदत्त अधिकार सुनिश्चितताको लागि विज्ञान प्रविधि र नवप्रवर्तनको उपयोग गर्ने।

आ. अनुसन्धान र नवप्रवर्तनबाट स्थानीय श्रोत र साधनको अधिकतम उपयोग हुने खालका प्रविधि विकास गरी प्रदेशमा दिगो हरित-अर्थतन्त्रको विकास गर्ने।

**कार्यनीतिहरू**

क. खाद्य तथा पेय पदार्थ, खानेपानी, औषधी, निर्माण सामाग्री, श्रृंगार सामाग्री जस्ता विभिन्न उपभोग्य वस्तुको उत्पादनको प्रविधि विकास र गुणस्तर कायम गर्न प्रादेशिक विज्ञान तथा प्रविधि सन्दर्भ प्रयोगशाला स्थापना गरी नागरिकको जीवन सुरक्षित बनाइनेछ। (अ)

ख. प्रादेशिक तथ्याङ्क, सूचना व्यवस्थापन र साइबर सुरक्षाका लागि उपयुक्त प्रविधिको विकास गरिनेछ । (अ)

ग. प्रादेशिक सुरक्षा र सम्वेदनशीलता कायम राख्न आधुनिक प्रादेशिक सूचना संयन्त्र प्रविधिको विकास गरिनेछ । (अ)

घ. सुरक्षित र सुलभ आवास निर्माणका लागि पदार्थ विज्ञान, काष्ठ तथा गैह्र काष्ठ पैदावारको वैज्ञानिक अनुसन्धान गरी उपयुक्त प्रविधिहरूको विकास गरिनेछ । (अ)

ङ. जैविक, रासायनिक र पारमाणविक पदार्थ, प्रविधि वा अन्य स्रोतको दुरुपयोग र दुर्घटनाबाट हुन सक्ने हानी-नोक्सानी न्यूनीकरण गर्न प्रविधिमा आधारित प्रादेशिक अनुगमन र नियन्त्रण प्रणालीको विकास गरिनेछ । (अ)

च. सामाजिक, आर्थिक र वैयक्तिक सूचना उपयोगमा सुरक्षाको प्रत्याभूति र अपराध नियन्त्रण गर्न विधि विज्ञान (Forensic science) लगायतका विषयहरूमा नवीन विधि तथा प्रविधिहरूको विकास गरिनेछ । (अ)

छ. प्राकृतिक स्रोतको संरक्षणमा टेवा पुग्ने गरी खतरामा परेका औषधिजन्य जडीबुटी, सुगन्धित वनस्पति लगायत उच्च मूल्यका वनस्पतिहरूको उत्पादन तथा प्रशोधन गर्ने प्रविधिको विकास गरिनेछ । (आ)

ज. प्रदेशको समृद्धिका लागि नयाँ संभावित क्षेत्रहरूको पहिचान गर्न वैज्ञानिक छलफल, गोष्ठी, अन्तरकृया, अनुसन्धान र नव-प्रवर्द्धनका कार्यक्रमहरू गरिनेछ । (आ)

झ. प्रदेशका वैज्ञानिक तथा प्राविधिक जनशक्ति, कृषि तथा वन पैदावारका उत्पादन तथा बजार वितरण प्रणालीलाई चुस्त राख्न प्रादेशिक तथ्याङ्क बैकको विकास गरी नियमितता प्रदान गरिनेछ । (आ)

ञ. वातावरणमा नकारात्मक प्रभाव पार्ने प्लास्टिक र प्लास्टिकजन्य पदार्थको प्रयोगमा न्यूनीकरण गर्न वैकल्पिक जैविक पदार्थको विकास गरिनेछ । (आ)

**ग. विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनमा लगानी अभिवृद्धि, पूर्वाधार विकास, समपूरक अनुसन्धान प्रणालीको स्थापना गरी कार्यात्मक र परिणाममुखी नतिजा हासिल गर्न सम्बन्धित मन्त्रालयहरुवीच आपसी समन्वय र सहकार्यको लागि उच्चस्तरीय संयन्त्रको निर्माण एवं कानुनी आधार तयार गर्ने उद्देश्यसँग सम्बन्धित।**

**नीति २.५.छ**

**वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेशभित्रका सम्बन्धित निकायहरुको विकास, विस्तार, सबलीकरण तथा समन्वय गर्ने। (२.३.ग)**

**रणनीतिहरू**

अ. प्रदेश भित्रका वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनसँग सम्बद्ध निकायहरूलाई सबलीकरण तथा समन्वय गर्ने।

आ. प्रदेशको समृद्धि, भौगोलिक अवस्थिति, नागरिकको आवश्यकता, समस्या र त्यसको समाधानमा आधारित रहेर अनुसन्धान र नवप्रवर्तन गर्न शैक्षिक संस्था, अनुसन्धान निकाय तथा औद्योगिक प्रतिष्ठानलाई प्रोत्साहित गर्ने।

**कार्यनीतिहरू**

क. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनबाट प्राप्त विधि, प्रविधि, सूचना एवं वैज्ञानिकहरूको व्यवस्थित अभिलेख राख्न विज्ञान, प्रविधि तथा नवप्रवर्तन डेटाबेसको विकास गरिनेछ। (अ)

ख. वैज्ञानिक तथा प्राविधिकहरूको विज्ञान प्रविधि तथा नवप्रवर्तन सञ्जाल स्थापना गरी बौद्धिक सञ्चार (Brain Circulation) को माध्यमबाट प्रविधि विकासमा संलग्न गराइनेछ। (अ)

ग. अनुसन्धान र प्रविधि विकासलाई थप बढावा दिन सार्वजनिक अनुसन्धान निकायहरूबीच सहकार्यको संस्कृतिलाई प्रोत्साहन गरी ती निकायहरूमा अनुसन्धानकर्ताहरुको पहुँच सुनिश्चित हुने वातावरण सिर्जना गरिनेछ। (अ)

घ. संघीय तथा स्थानीय सरकार, विश्वविद्यालय, अनुसन्धान केन्द्र, औद्योगिक संस्थाहरू सँग सम्पर्क विस्तार गर्दै विज्ञान तथा प्रविधिमा अध्ययन, अनुसन्धान र विकास (Research and Development) मा लगानी गर्न प्रेरित गरिनेछ। (अ)

ङ. अनुसन्धान तथा विकास र नवप्रवर्तन (R&D and I) का लागि सरकार, निजी क्षेत्र र वैज्ञानिकहरुवीच सहकार्य गर्न प्रोत्साहन गरिनेछ। यस्ता परियोजनामा अन्तर्राष्ट्रिय लगानीकर्तालाई समेत आकर्षित गरिनेछ। (आ)

च. प्रदेश सरकार र मातहतका शैक्षिक संस्था, अनुसन्धान प्रतिष्ठान र औद्योगिक संस्थाहरूबीच सहकार्य तथा समन्वयको वातावरणको विकास गर्न वैज्ञानिक-औद्योगिक संवाद (Academia-Industry Dialogue) कार्यक्रम सञ्चालन गरिनेछ। (आ)

छ. विभिन्न विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा वित्तीय एवं औद्योगिक प्रतिष्ठानहरुसँग सहकार्य गरी प्रादेशिक प्रविधि पार्क र अनुसन्धान तथा नवप्रवर्तन केन्द्रहरूको स्थापना गरिनेछ। (आ)

**नीति २.५.ज**

**विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनको प्रभावकारी कार्यान्वयन गरी प्रदेशको समृद्धि हासिल गर्न सम्बन्धित मन्त्रालय र निकायहरूबीच सहकार्य र समन्वयको लागि विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साइन्स क्याबिनेट) गठनको कानुनी आधार तयार गर्ने। (२.३.ग)**

**रणनीतिहरू**

अ. विज्ञान प्रविधि र नवप्रवर्तनको प्रभावकारी कार्यान्वयन गर्न बागमती प्रदेश विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साईन्स क्याबिनेट) गठन गर्ने।

आ. विज्ञान तथा प्रविधि र नवप्रवर्तन कार्यलाई क्रियाशील र प्रभावकारी कार्यान्वयन गर्न "बागमती प्रदेश विज्ञान प्रविधि र नवप्रवर्तन" सञ्चालक समिति गठन गर्न आवश्यक ऐन, नियम, विनियम र निर्देशिकाहरू तर्जुमा गर्ने। (७.८)

**कार्यनीतिहरू**

क. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तन मार्फत प्रदेशको एकिकृत परिणाममुखी नतीजा हासिल गर्न बागमती प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साईन्स क्याबिनेट) गठन गरिनेछ । (अ)

ख. प्रदेशको विकासका लागि विज्ञान प्रविधि तथा नवप्रवर्तनका प्राथमिकता क्षेत्रहरु पहिचान तथा कार्यान्वयन गर्न विभिन्न मन्त्रालयहरू, स्थानीय निकाय एवं वैज्ञानिक अनुसन्धानसँग सम्बद्ध निकायहरूबीच समन्वय एवं सहकार्य गरिनेछ। (अ)

ग. प्रदेश सरकारबाट हुने विज्ञान, शिक्षा, स्वास्थ्य, कृषि, सूचना-प्रविधि, वन तथा वातावरण, पर्यटन आदि सम्बन्धित क्षेत्रका अनुसन्धान, तथा नवप्रवर्तन कार्य यसै केन्द्र मार्फत् गरिनेछ। (अ)

घ. विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति कार्यान्वयनको लागि विज्ञान तथा प्रविधि हेर्ने मन्त्रीको अध्यक्षतामा विज्ञान प्रविधि र नवप्रवर्तन सञ्चालक समिति गठन गरिनेछ। (आ)

ङ. विज्ञान प्रविधि र नवप्रवर्तन कोषको सञ्चालन विज्ञान प्रविधि र नवप्रवर्तन सञ्चालक समितिबाट गरिनेछ। (आ)

च. विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तनको प्रभावकारी कार्यान्वयन गर्न सो सँग सम्बन्धित बजेटलाई विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष मार्फत एकिकृत रूपमा परिचालन गरिनेछ। (आ)

छ. विज्ञान प्रविधि र नवप्रवर्तन कोषको आम्दानी प्रदेश र संघिय सरकारबाट प्राप्त अनुदान, बिभिन्न अनुसन्धान र नवप्रवर्तन गर्नाका लागि प्राप्त रकम, अनुसन्धान र नवप्रवर्तन बाट उपलब्ध प्रविधि, उत्पादित बस्तु वा सामाग्रीको हस्तान्तरण र बिक्रीबाट प्राप्त गरिनेछ।

**घ. परम्परागत ज्ञान, सीप र प्रविधिमा खोज, मौलिक प्रविधियुक्त उद्यमशिलताको प्रबर्द्धन, जनशक्ति विकास, व्यवहारिक र समस्या समाधानमा आधारित अनुसन्धान र नवप्रवर्तनमुखी एवं वैज्ञानिक संस्कार अभिबृद्धि गर्न STEM (विज्ञान, प्रविधि, ईन्जिनियरिङ्ग र गणित) शिक्षा प्रणाली लागू गर्ने उद्देश्यसँग सम्बन्धित।**

**नीति २.५.झ**

**प्रदेशको प्राचीन, मौलिक तथा परम्परागत ज्ञान, सीप र प्रविधिको उजागर गर्दै यसको अन्वेषण, प्रलेखिकरण गरी मानव जीवनमा उपयोगी ज्ञान र प्रविधिलाई आधुनिक प्रविधिको माध्यमबाट स्तरोन्नति गरी व्यवसायीकरण गर्न प्रोत्साहित गर्ने। (२.३.घ)**

**रणनीतिहरू**

अ. सभ्यताको क्रममा विकास भएका मौलिक तथा परम्परागत ज्ञान, सीप र प्रविधिको अन्वेषण, प्रलेखीकरण, भण्डारण र नवप्रवर्तन गर्न आवश्यक विधि बनाई लागू गर्ने।

आ. मौलिक तथा परम्परागत ज्ञान, सीप र प्रविधिलाई अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट आधुनिक प्रविधिसँग स्तरोन्नति गरी ब्यवसायीकरण गर्न प्रोत्साहित गर्ने। (७.९)

**कार्यनीतिहरू**

क. परम्परागत ज्ञानको प्रलेखिकरण, त्यसबाट विकसित प्रविधि तथा वस्तुको बौद्धिक सम्पत्ति अधिकार प्राप्ति, संरक्षण, प्रवर्द्धन, गुणस्तरको सुनिश्चितता लगायतको व्यवस्था गरिनेछ। (अ)

ख. विज्ञान तथा प्रविधिको क्षेत्रमा मौलिक सृजनशीलतालाई बौद्धिक सम्पत्तिको रूपमा अधिकार संरक्षित गरिनेछ। (अ)

ग. लोप हुने लागेका वा दुर्लभ मौलिक ज्ञान, शीप, प्रविधिलाई अन्वेषण, प्रलेखिकरण गरी सुरक्षित गरिनेछ। (अ)

घ. परम्परागत ज्ञान र सीपमा आधारित मौलिक उत्पादनलाई अनुसन्धान, नवप्रवर्तन र प्रविधि विकासबाट परिष्कृत गरी गुणस्तरीय वस्तु उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा प्रवेश गराउने वातावरण बनाइनेछ। (आ)

ङ. मौलिक तथा परम्परागत ज्ञान र सीपमा आधारित उद्योगको आधुनिकीकरण गर्न निजी क्षेत्रहरूलाई प्रोत्साहन गरिनेछ। (आ)

**नीति २.५.ञ**

**शिक्षालाई वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनसँग आवद्ध गराई प्रदेशको स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग हुने मौलिक र नवीनतम प्रविधिमा आधारित उद्यम र उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सृजना गर्ने। (२.३.घ)**

**रणनीतिहरू**

अ. विद्यालयका आधारभूत तहदेखि विश्वविद्यालयसम्मका पाठ्यक्रमहरूमा परम्परागत, मौलिक ज्ञान, सीप र प्रविधिका बारेमा समावेश गर्ने।

आ. युवाहरूलाई वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनमा सिर्जनशीलता र विश्लेसणात्मक क्षमता अभिवृद्धि गर्न प्रारम्भिक शिक्षादेखि नै विज्ञान शिक्षण सिकाइलाई प्रयोगात्मक र व्यवहारिक बनाउने।

**कार्यनीतिहरू**

क. परम्परागत मौलिक ज्ञान, प्रविधि र सीपहरूको अध्ययन, अनुसन्धान गरी तिनलाई शैक्षिक पाठ्यक्रममा समाबेश गराइनेछ। (अ)

ख. विज्ञान, प्रविधि र नवप्रवर्तन मार्फत परम्परागत तथा स्थानीय मौलिक प्रविधिको विकासमा जोड दिइनेछ। (अ)

ग. युवा वैज्ञानिक जनशक्तिलाई विद्यालय र स्थानीय तहसँग सहकार्य गरी युवा वैज्ञानिक स्वयं-सेवा (समुदायसँग युवा वैज्ञानिक) कार्यक्रम सञ्चालन गरिनेछ। (आ)

घ. सभ्यताको क्रममा विकसित भएका मौलिक तथा परम्परागत ज्ञान, सीप र प्रविधिको जगेर्ना र विकास गर्दै त्यस्ता पेशागत सीपहरूको स्तर निर्धारण गरी औपचारिक शिक्षासँग समकक्षता हुने गरी मान्यता प्रदान गरिनेछ। (आ)

**नीति २.५.ट**

**प्रदेशका शिक्षा प्रदायक विद्यालय तथा विश्वविद्यालय,अनुसन्धानमूलक निकायहरूको संस्थागत सुधार, क्षमताको अभिवृद्धि गर्दै ती संस्थाहरूमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमुखी शिक्षा प्रणाली लागू गर्न प्रोत्साहित गर्ने। (२.३.घ)**

**रणनीतिहरू**

अ. विज्ञान शिक्षालाई अनुसन्धानमुखी, व्यवहारिक र प्रयोगात्मक बनाउँदै समस्या समाधानमा आधारित अनुसन्धान र अनुसरणमुखी नवप्रवर्तन प्रक्रियासँग आबद्ध गर्ने।

आ. विज्ञान शिक्षा, वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनलाई युवा वैज्ञानिकहरूको पहुँचको लागि विद्यालय तहसम्म पुऱ्याइनेछ ।

**कार्यनीतिहरू**

क. युवाहरूमा वैज्ञानिक सृजनशीलता र प्रतिभाको विकास गर्न समस्या समाधानमा आधारित रहने यो तपाई आफै गर्नुहोस (Do it Yourself, DIY) जस्ता कार्यक्रमहरू सञ्चालन गरी प्राप्त नतीजालाई विज्ञान मेला, प्रदर्शनी, ओलिम्पियाड, आदिमार्फत प्रतिस्पर्धा गराईनेछ। (अ)

ख. प्रादेशिक विश्वविद्यालय र कलेजहरूमा समस्या समाधानका विषयमा केन्द्रीत रहने गरी विज्ञानमा तथा प्रविधि विकास र नवप्रवर्तनका अनुसन्धानमा आधारित स्नातकोत्तर र विद्यावारिधि कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । (अ)

ग. अनुसन्धान र नवप्रवर्तनबाट प्राप्त ज्ञान र प्रविधिलाई सरोकारवाला पक्षहरू समक्ष प्रवाह गरी अनुसरणमा ल्याउन प्रोत्साहन गरिनेछ। (अ)

घ. विज्ञानका शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई क्षमता अभिवृद्धि गर्ने अवसर प्रदान गरिनेछ। (अ)

ङ. कोषको प्राथमिकताका क्षेत्रहरूमा शोधकार्य गर्न इच्छुक शोधार्थीहरुलाई प्रतिस्पर्धाको आधारमा अनुसन्धान तथा नवप्रवर्तनका लागि बृत्ति प्रदान गरिनेछ। (अ)

च. विद्यार्थीहरूमा नैतिक, वैज्ञानिक र मौलिक सोच र संस्कारको विकास गर्न प्रतिस्पर्धाको आधारमा अनुसन्धान र नवप्रवर्तन वृत्ति, छात्रवृत्ति, पोस्ट-मास्टर/पोस्ट-डक्टरल फेलोसिप, प्रतिभा कदर प्रोत्साहन, पुरस्कारको व्यवस्था गरिनेछ। (आ)

छ. विश्वविद्यालय, कलेज र विद्यालयहरूमा विज्ञान शिक्षा शिक्षण सुदृढीकरण गर्न प्रयोगशालाका उपकरण, प्रयोगशाला कक्ष, आदिको न्यूनतम गुणस्तर र क्षमता निर्धारण गरिनेछ। (आ)

ज. विज्ञान शिक्षा, वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनलाई युवा वैज्ञानिकहरूको पहुँचको लागि विद्यालय तहसम्म पुर्‍याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

झ. विज्ञान तथा प्रविधि सम्बन्धी जर्नल, विभिन्न पुस्तक, पर्चा, बुलेटिन तथा सचेतना पोस्टर प्रकाशन गरिनेछ। (आ)

**खण्ड ३ नीति तथा संस्थागत ब्यवस्था**

**३.१ विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन क्षेत्रको निर्देशक नीति**

(क) यो नीति बागमती प्रदेशको विज्ञान तथा प्रविधि अध्ययन, अनुसन्धान र नवप्रवर्तन क्षेत्रको निर्देशक नीतिको रूपमा रहनेछ। प्रदेशको विषयगत क्षेत्रहरू शिक्षा, स्वास्थ्य, कृषि तथा भूमि उपयोग, वन तथा वातावरण, उद्योग, योजना आदिको नीति तथा रणनीतिहरूको तर्जुमा गर्दा यस नीतिलाई ध्यानमा राख्नुपर्नेछ।

(ख) यस नीति बागमती प्रदेशका अन्य क्षेत्रगत, विषयगत अध्ययन, अनुसन्धान नीतिसँग आबद्ध रहि एक आपसमा परिपूरक सम्बन्ध रहनेछ।

(ग) प्रदेशका विज्ञान शिक्षा, स्वास्थ्य, कृषि, खाद्य, वन, वातावरण, पर्यटन, उद्योग लगायतका अनुसन्धान र नवप्रवर्तनका नीति, कार्यक्रमहरू यस नीतिको उद्देश्य, नीति, रणनीति र कार्यनीतिहरुसँग अन्तर-सम्बन्धित र सामीप्य हुनेछन्।

**३.२ प्रदेश विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साईन्स क्याविनेट)**

(क) बागमती प्रदेशको समृद्धि र सर्वाङ्गीण विकासका लागि अग्रणी भूमिकामा रहने विज्ञान प्रविधि र नवप्रवर्तन नीतिको प्रभावकारी कार्यान्वयनको लागि मार्गनिर्देशन गर्न, मन्त्रालय तथा सम्बन्धित निकायहरूबीच समन्वय र सहकार्य गर्न, मुख्यमन्त्रीको अध्यक्षतामा देहाय बमोजिमको एक उच्चस्तरीय बागमती प्रदेश विज्ञान प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साईन्स क्याविनेट) गठन हुनेछ।

| | |
|---|---|
| १. मुख्य मन्त्री, बागमती प्रदेश | अध्यक्ष |
| २. मन्त्री, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय | उपाध्यक्ष |
| ३. मन्त्री, अन्य मन्त्रालयहरू (अर्थ, शिक्षा, कृषि, वन, स्वास्थ्य, उद्योग) | सदस्य |
| ४. प्रमुख सचिब | सदस्य |
| ५. सचिव, विज्ञान तथा प्रविधि हेर्ने | सदस्य-सचिव |

(ख) बागमती प्रदेश विज्ञान, प्रविधि र नवप्रवर्तन निर्देशक समिति (साईन्स क्याविनेट) ले देहाय बमोजिमको कार्यहरु गर्नेछ:

- बागमती प्रदेश विज्ञान तथा प्रविधि र नवप्रवर्तन कोष संचालन कार्यविधि, निर्देशिका बजेट तथा कार्यक्रम पारित गर्ने।

- बागमती प्रदेशको विज्ञान तथा प्रविधि र नवप्रवर्तन सम्बन्धी दीर्घकालीन तथा अल्पकालीन योजना र रणनीतिक योजनाहरू स्वीकृत गर्ने ।
- विज्ञान तथा प्रविधि र नवप्रवर्तन परिषद्को वार्षिक प्रतिवेदन उपर छलफल तथा समीक्षा गरी विज्ञान तथा प्रविधि र नवप्रवर्तन सञ्चालक समितिलाई आवश्यक निर्देशन दिने ।

(ग) निर्देशक समिति (साईन्स क्याविनेट) को बैठक सामान्यतया वर्षको एक पटक बस्नेछ ।

**३.३ विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तन सञ्चालक समिति**

बागमती प्रदेश विज्ञान तथा प्रविधि हेर्ने मन्त्रीको अध्यक्षतामा विज्ञान तथा प्रविधि र नवप्रवर्तन सञ्चालक समिति गठन हुनेछ । सो समितिले आवश्यकता अनुसार वरिष्ठ वैज्ञानिकहरू सम्मिलित विभिन्न वैज्ञानिक विज्ञ समूहहरू बनाई नयाँ नयाँ सोचको विकासका साथै सञ्चालित विभिन्न कार्यक्रमहरूको प्रभावकारी अनुगमन र मुल्याङ्कन गरी समितिलाई सहयोग गर्नेछन् । यसरी नियुक्त हुने वैज्ञानिक विज्ञहरू अवैतनिक हुनेछन् । तर कार्यको सिलसिलामा दैनिक भ्रमण भत्ता, खाना खर्च, बास खर्च र यातायात आदि जस्ता खर्चहरू कोषले उपलब्ध गराउनेछ ।

सचिवालय सञ्चालक समिति

| | |
|---|---|
| १) माननीय मन्त्री, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय | अध्यक्ष |
| २) सचिव, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय | सदस्य |
| ३) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४) सचिव, श्री प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| ५) विद्यावारिधि पश्चात् कम्तीमा १० बर्ष विज्ञान प्रविधि अनुसन्धान तथा नवप्रवर्तन क्षेत्रमा कार्य गरेका बागमती प्रदेशभित्रका वरिष्ठ वैज्ञानिकहरू मध्येबाट कम्तीमा एक महिला सहित छ जना | सदस्य |

६) निर्देशक समिति (साईन्स क्याविनेट) बाट नियुक्त, ( विद्यावारिधि गरी उदीयमान तथा ब्यवहारिक विज्ञानको क्षेत्रमा कम्तीमा १० बर्ष अनुसन्धान र नवप्रवर्तन गरेको बैज्ञानिक) सदस्य-सचिव

द्रष्ट्बयः सदस्यहरु र सदस्यसचिवको पदावधि ३ बर्षको हुनेछ र थप एक पटक समयावधिका लागि पुनः नियुक्ति हुन सक्नेछन् ।

**ख. विज्ञान प्रविधि अनुसन्धान तथा नवप्रवर्तन सञ्चालक समितिका कार्यहरु:**

- विज्ञान तथा प्रविधि र नवप्रवर्तन केन्द्र स्थापना र सञ्चालनका लागि प्रदेश सरकारले आवश्यक ऐन, कानून, नियम निर्देशिका बनाई लागू गर्नेछ।
- सञ्चालक समिति मातहतमा विज्ञान तथा प्रविधि र नवप्रवर्तन केन्द्रको सञ्चालन हुनेछ र यसको वितिय ब्यवस्थापन र कार्यक्रम सञ्चालन सञ्चालक समिति मार्फत हुनेछ।
- समितिले प्रदेशको विकास र समृद्धिलाई केन्द्रविन्दुमा राखेर विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तनको कार्यक्रमहरुको प्राथमिकता क्षेत्र निर्धारण एवं बजेट तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नेछ।
- वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासबाट समाजलाई हानी-नोक्सानी हुन सक्ने गतिविधिहरूमा नियन्त्रण गर्न नैतिक अनुमति (Ethical Permission) को प्रावधान लागू गरिनेछ।
- प्रदेशस्तरमा वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासमा संलग्न हुने ब्यक्ति, संस्थाहरूको संस्था दर्ता तथा नवीकरण कार्यलाई कार्यविधि बनाई सहज बनाइनेछ।
- सञ्चालित अनुसन्धान र नवप्रवर्तनका कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन, मुल्याङकन र कार्यान्वयनमा मद्दत गर्न विज्ञ समूह सहितको विभिन्न उपसमितिहरु गठन गरिनेछ। उपसमितिको संयोजक समितिका सदस्यहरू मध्यबाट हुनेछ।
- समितिले प्रदेशको प्राथमिकता र विषयगत क्षेत्रको आधारमा विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तन विज्ञ समूहहरू गठन गरी बृहत्तररूपमा परिचालन गर्नेछ।

**ग. विज्ञान प्रविधि अनुसन्धान र नवप्रवर्तन विज्ञ समूह**

- विज्ञ समूहहरूले उदीयमान विज्ञान, प्रविधि अनुसन्धान र नवप्रवर्तनका क्षेत्रहरुका बारेमा छलफल, नयाँ सोच र अवधारणाको विकास, प्रथमिकताका क्षेत्रहरुको पहिचान, कार्यक्रमको प्रभावकारी कार्यान्वयनको बारेमा सुझाव दिनेछन्।
- वैज्ञानिक विज्ञहरूबाट प्राप्त नयाँ सोच, उपाय र सुझावहरू नीतिको कार्यक्रम कार्यान्वयनका लागि महत्वपूर्ण हुनेछन्।
- वैज्ञानिक विज्ञहरूले केन्द्रसँग आवध्द भई सञ्चालित कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन र मुल्याङ्कन गर्नेछन्।
- नीतिको लक्ष तथा उद्देश्य प्राप्तीका लागि अन्य कार्यहरू गर्नेछन्।

### ३.४ आर्थिक व्यवस्था

#### ३.४.१ विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कोष

यस नीति कार्यान्वयनका लागि बागमती प्रदेश सरकारले प्रदेशको वार्षिक कुल गार्हस्थ उत्पादनको २ प्रतिशत विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कार्यका लागि बजेट विनियोजन गरी कोष खडा गर्नेछ । कोषको अन्य आर्थिक श्रोत संघीय सरकार, स्थानीय सरकार, वैदेशिक सहयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू, निजी क्षेत्र आदि बाट लगानी हुनेछन् । कोष सञ्चालक समिति मार्फत विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कोष सञ्चालन गरिनेछ ।

#### ३.४.२ विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कार्यक्रम

बागमती प्रदेश विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तन कोष प्रदेशको ऐनद्वारा स्थापित हुनेछ । कोषले आवश्यक कानुन, नियम र निर्देशिका बनाई विभिन्न निकायबाट सञ्चालन हुने सबै क्षेत्र र विधाका अनुसन्धान र नवप्रवर्तन परियोजनाहरूलाई एक आपसमा परिपूरक हुने गरी प्रादेशिक अनुसन्धान, नवप्रवर्तनका कार्यक्रमहरू लागू गरिनेछ ।

### ३.५ कानूनी व्यवस्था

यस नीतिको कार्यान्वयनको लागि आवश्यक ऐन, नियम तथा निर्देशिकाको व्यवस्था गरिनेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि कोष सञ्चालक समितिको सचिवालयले सहजीकरण, समन्वय र नियमकारी भूमिका निर्वाह गर्नेछ । ऐन नियम, कानून र निर्देशिका बनाउँदा निम्न कुराहरूमा ध्यान पुर्‍याईनेछ:

क) विज्ञान तथा प्रविधि नीतिको कार्यान्वयनको लागि आवश्यकता अनुसार नीति, ऐन, नियम, निर्देशिका बनाई लागू गरिनेछ ।

ख) वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनबाट प्राप्त गरिने बौद्धिक सम्पति अधिकारलाई संरक्षण गर्ने कानूनहरू निर्माण गरी लागू गरिनेछ ।

ग) वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तन सम्बन्धी कार्यमा संलग्न हुन चाहने संघ संस्थाहरूलाई सहज दर्ता र नवीकरणका लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

### ३.६ अन्य नीतिहरूसँगको सम्बन्ध

यस नीतिको कार्यान्वयनमा विशेष गरी संघ र बागमती प्रदेश सरकारको शिक्षा, स्वास्थ्य, वन तथा वातावरण, पर्यटन, उद्योग, खाद्य, सूचना प्रविधि, योजना, युवा, विज्ञान र प्रविधि र नवप्रवर्तनका नीति तथा कार्यक्रमहरूसँग परिपूरक सम्बन्ध रहनेछ । यस नीतिमा संघ अन्तर्गत रहने राष्ट्रिय सुरक्षा, पारमाणविक,

रेडियोधर्मी जस्ता नीतिहरू समावेश गरिएको छैन । संविधानले प्रदत्त गरेको संघ र प्रदेशको संयुक्त जिम्मेवारी र प्रदेशको सरकारले गर्नुपर्ने कार्यको जिम्मेवारीमा आधारित रहि यो नीति तय गरिएको छ।

### ३.७ नीति कार्यान्वयनको जिम्मेवारी

यस नीतिको कार्यान्वयनमा संविधान अनुसार संघ र प्रदेश दुवैको जिम्मेवारी हुनेछ । बागमती प्रदेश सरकारले प्रदेश भित्र नीति कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, कानून, निर्देशिका बनाउनेछ । बागमती प्रदेशको समृद्धि र नागरिकको गुणस्तरीय जीवन भन्ने मूल लक्ष्यका साथ यो विज्ञान तथा प्रविधि र नवप्रवर्तन नीति बनाइएकोले प्रदेशको योजना र विकासका नीति कार्यक्रम तय र कार्यान्वयन गर्दा समेत यस नीति महत्वपूर्ण हुनेछ । मुख्यतया: यो नीतिको कार्यान्वयनको जिम्मेवारी बागमती प्रदेश सरकारको हुनेछ ।

### ३.८ नीति परिमार्जन तथा सुधार

(क) यस नीति कार्यान्वयन भएको तीन वर्षमा पहिलो पटक र त्यसपछि हरेक पाँच-पाँच वर्षमा आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

(ख) नीतिको पुनरावलोकनको क्रममा विज्ञान तथा प्रविधि र नवप्रवर्तन सञ्चालक समितिको सचिवालयले सम्बन्धित मन्त्रालयहरू, विश्वविद्यालयहरू, दातृ निकायहरू, निजी तथा गैरसरकारी क्षेत्रका विज्ञान तथा प्रविधि अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित संघ-संस्थाहरूलाई समेत सहभागी गराइनेछ ।